नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना (शिक्षक)**
म्युजियम मार्ग, छाउनी, काठमाडौं ।

फोन नं.:- -४६७२८२३
-४२८३०२३
फ्याक्स:- ४२८४९००

प.सं.
च.न ९२२८६

मिति:-२०७९।०३।२०

विषय:- शिक्षकले सम्पत्ति विवरण बुझाउने सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई
७७ जिल्ला ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ (क) बमोजिम प्रत्येक शिक्षकले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी प्रावधान भएकोले त्यस जिल्लाअन्तर्गत सामुदायिक विद्यालयहरूमा कार्यरत स्थायी शिक्षकहरूको आ.व. २०७८/२०७९ को सम्पत्ति विवरण नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोकिएको ढाँचाबमोजिमको सम्पत्ति विवरण फाराम भरी खामबाहिर देहायको विवरण उल्लेख गरी राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने व्यवस्था गर्नु /गराउन हुन अनुरोध छ ।

आ.व. २०७८/०७९ को सम्पत्ति विवरण

| | |
|---|---|
| शिक्षकको संकेत (सिटरोल) नं.: | कार्यरत विद्यालय र ठेगाना : |
| शिक्षकको नाम थर : | हाल कार्यरत विद्यालयमा हाजिरी मिति : |
| तह : | जिल्ला : |
| श्रेणी : | प्रदेश : |
| मोबाइल नं. : | स्थानीय तह : |

१. स्थायी शिक्षकहरुको आ.व. २०७८/०७९ को सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम् (व्यक्तिगत रुपमा) राष्ट्रिय किताबखाना (शिक्षक) जानुनपर्ने गरी विद्यालय/स्थानीय तहले संकलन गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईहरूमा बुझाउने र इकाईहरूले जिल्लाका सबै विद्यालय शिक्षकहरूको एकमुष्ट जम्मा गरी २०७९ साल श्रावण १ गतेदेखि भाद्र २९ गतेभित्र अनिवार्य रुपमा राष्ट्रिय किताबखान(शिक्षक) मा प्राप्त हुने गरी छिटो हुने माध्यमबाट पठाउनुपर्नेछ । विद्यालयमा कार्यरत करार, राहत, बाल विकास शिक्षक, विद्यालय कर्मचारी आदिले आफू कार्यरत स्थानीय तहमा बुझाउनु पर्नेछ र स्थानीय तहले सो विवरण दर्ता गरी सुरक्षित राख्नु पर्नेछ । सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक विदा परे सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजनका लागि यस किताबखाना खुल्ला रहनेछ ।

२. अध्ययन विदा, असाधारण विदा र अन्य बिदा, लामो काज वा निलम्बनमा रहेका शिक्षकको सार्वजनिक पद धारणा गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित शिक्षकको नै हुनेछ ।

३. आ.व.०७८।०७९ भित्र (अर्थात २०७८ श्रावण १ गतेदेखि २०७९ आषाढ मसान्त सम्म) सेवानिवृत्त भएको शिक्षकले समेत उपर्युक्तानुसार सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

४. संकेत नं. नमिलेको, तोकिएको मितिभन्दा पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

५. हुलाकमार्फत तोकिएको अवधिभित्र प्राप्त भएको सम्पत्ति विवरण PIS प्रविष्टि गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

६. सम्पत्ति विवरण फाराम यस कार्यालयको **website www.stro.gov.np** मा उपलब्ध छ । सम्पत्ति विवरण दर्ताको जानकारी सम्बन्धित शिक्षकले उल्लेख गरेको मोबाइल नं. मा **SMS** बाट प्राप्त हुनेछ ।

७९।३।२०
(रामराज खकुरेल)
का.मु.उपमहानिर्देशक

बोधार्थ :
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
श्री राष्ट्रिय किताबखाना (निजामती) , हरिहरभवन, ललितपुर ।